# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རྫོང་ཏོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु ।

कोशी प्रदेश नेपाल

प.स २०७९/०८०.

च.नं

### लम्पी स्कीन रोग सम्बन्धी अत्यन्त जरुरी सूचना ।

विषेश गरेर गाईभैसीमा लाग्ने एक प्रकारको विषाणु (पक्स समूहको क्याप्रि पक्स भाइरस) कारणले लाग्ने लम्पी स्कीन रोग (Lumpy Skin Disease) महामारीको रुपमा फैलिने क्रममा यस नगरपालिका भित्रका विभिन्न वडाहरुमा समेत देखा पर्न थालेको हुँदा यस नगरपालिका क्षेत्रभित्रका सम्पुर्ण पशुपालक कृषकहरुले विशेष सजकता अपनाउन हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**रोगका लक्षणहरु:**

१.शरीरका विभिन्न भागहरुमा घाँटी, खुट्टाहरु, पेट र थुन वरिपरि साना देखि ठुला गिर्खाहरु देखिने तथा ह्याकुलो सुन्निने ।

२.उच्च ज्वरो आउने (१०४ डिग्री फरेनहाईट भन्दा माथि) ।

३.कचेरा निकाल्ने सिँगान बग्ने तथा मुख बाट फिँज आउने ।

४.ब्याउने पशु भएमा गर्भ तुहिने तथा बाँझोपन देखिन सक्ने ।

५.दुध उत्पादनमा २५-८०प्रतिशत सम्म घट्ने ।

६.घाँसपात क्रमशः कम खादै जाने ।

**रोग सर्ने मुख्य माध्यमहरु:**

१.लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट ।

२.संक्रमित गाईभैसिको ओसारपसार र लसपसबाट ।

**उपचार तथा रोकथामको उपायहरु:**

१.यो रोग भाईरसबाट लाग्ने भएकोले यसको ठोस उपचार छैन,प्राविधिक सल्लाहमा लक्षण अनुसारको उपचार गर्ने

२.संक्रमित पशुहरुलाई छुट्टै गोठमा राख्ने तथा अन्य पशुहरुको सम्पर्कमा नल्याउने ।

३.गोठमा किर्ना, झिंगा, लामखुट्टे लाग्न नदिन गोठमा र गोठ वरिपरि फिनेल पानीले स्प्रे गर्ने ।

**नोटः** माथि उल्लेखित मिल्दो जुल्दो लक्षणहरु देखिएमा कृषकहरुले यस नगरपालिकाको पशु सेवा शाखामा रोकथामको लागि सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

**तपशिल:**

निरुता चापागाई-९८६९३४७०४० प्रेम बहादुर लामिछाने-९८६२८३१६३८

सुनिता बस्नेत-९८४०३०६२०४ छिरी शेर्पा-९८६०८७७३५४

कोपिला राई

प्रमुख प्रशासकीय अधिकृत

**कोपिला राई**

**प्रमुख प्रशासकीय अधिकृत**

Phone No-038520264,Fax No-038520248 Website -www.solududhkundamun.gov.np
Email- solududhkundamun@gmail.com

"स्वच्छ र सक्षम निजामती प्रशासन :समृद्धि र सुशासन"